# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ढल्केबर, धनुषा
मधेश प्रदेश, नेपाल
(प्रशासन शाखा)


पत्र संख्या :- ०७९/०८०
चलानी नं.:-

मिति : २०७९/१२/०७

सूचना !  सूचना !!  सूचना !!!

विषय : आदेश कार्यन्वयन गर्ने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा विज्ञापन वोर्ड बबरमहल, काठमाण्डौंको पत्र संख्या २०७९/०८० चलानी नं.३२८ मिति २०७९/११/२८ समेतको पत्र वमोजिम सम्मानित सर्वोच्च अदालतको मिति २०७९/११/११ को आदेशमा **सञ्चार माध्यमबाट मदिराको विज्ञापन नगर्नु, नगराउनु र वाह्य विज्ञापन (होर्डिङ वोर्ड) रहेको मदिराजन्य वस्तुको विज्ञापन तत्काल हटाउने तथा होर्डिङ वोर्डमा त्यस्ता विज्ञापन नगर्ने भन्ने आदेश** कार्यन्वयन गर्नु/गराउनु हुन सम्बन्धीत सबै सरोकारवालाई जानकारीको लागि अनुरोध छ । साथै विज्ञापन वोर्ड बवरमहल, काठमाण्डौंको पत्र समेत यसै पत्रासाथ संलग्न गरिएको व्यहोरा समेत अनुरोध छ ।

.............................
अशोक कुमार भण्डारी
नि.प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
# विज्ञापन बोर्ड
बबरमहल, काठमाण्डौं, नेपाल

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ३९५६
दर्ता मितिः- ११/३०
सम्पर्क नं.०१-५२०३३४४

प.सं. : ०७९।८०
च.नं. : ३२८

मितिः २०७९/११/२८

क.पु.म
१४३६
११/३०

विषयः सम्मानित सर्वोच्च अदालतको आदेश कार्यान्वयन सम्बन्धमा।

**श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**
**सिंहदरवार,काठमाडौं।**

सम्मानित सर्वोच्च अदालतबाट मिति २०७९ फागुन ११ गते कुनै पनि सञ्चारमाध्यमवाट मदिराको विज्ञापन नगर्नु, नगराउनु तथा त्यसको अनुगमन गरी दुई महिना भित्र बोर्डले अनुगमन प्रतिवेदन सम्मानित अदालतमा पेश गर्नु भनी अन्तरिम आदेश भएको। यस सन्दर्भमा विज्ञापन बोर्डको मिति २०७९ साल फागुन २६ गते बसेको बैठकवाट वाह्य विज्ञापन (होर्डिङ्ग वोर्ड)मा समेत मदिराजन्य वस्तुको विज्ञापन गर्न नपाईने हुदाँ होर्डिङ्ग बोर्डमा रहेका त्यस्ता विज्ञापन तत्काल हटाउन सम्पूर्ण स्थानीय तहलाई अनुरोध गर्ने निर्णय भएकोले सोको कार्यान्वयनको साथै त्यस प्रकारको विज्ञापन प्रदर्शन भएको पाईएमा विज्ञापनदाता, विज्ञापन एजेन्सी तथा सरोकारवालालाई विज्ञापन (नियमन गर्ने) ऐन, २०७६, जनस्वास्थ्य सेवा ऐन, २०७५ एवं प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत सम्प्रेषण गरी स्थानीय तहलाई पत्राचार गरिदिनुहुन अनुरोध छ ।

२०७९।११।२८
निशान्त रीज गौतम
**प्रमुख प्रशासकीय अधिकृत**

**बोधार्थः**
श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरवार,काठमाडौं ।

उपसचिवज्यू
प्र.व.अ.ज्यू, प्र.सा.वि. पत्राचार
११।३०